मासिक
# विपद् बुलेटिन

अंक: ७

२०७८ माघ

## यस भित्र


२ विपद् जोखिम न्यूनिकरणको पहल

३ महिलामाथि विपद् बज्रपात

४ किसानलाई राहत दिन रकम निकाशा

५ नेपालका आवधिक योजनामा विपद्


## किन बढ्दैछ विद्युत्जन्य आगलागी ?



गएको माघ २८ गते दाङको तुल्सीपुरमा रहेको इरम फुटवेयर जुत्ता चप्पल पसलमा आगलागी हुदा ५ जनाको मृत्यु भयो। त्यसको एक दिनपछि माघ २९ गते झापाको मेची नगरस्थित मनषा थाइफुड चाउचाउ उद्योगमा आगलागी भयो। करिब डेढ दर्जन दमकल परिचालन गरेर ११ घण्टापछि मात्र आयो नियन्त्रणमा आयो। उद्योगले अर्बौको क्षति भोग्नु पर्‍यो। त्यसभन्दा अघि २०७८ साल श्रावण २३ गते बालाजु औद्योगिक क्षेत्रको नेबिको बिस्कुट उद्योगमा आगो लाग्यो। भदौ २४ गते टेकुको एक गोदाम भवनमा र पुस ५ मा नयाँ बानेश्वरस्थित इन्द्रेणी कम्प्लेक्समा भीषण आगलागी भई करोडौं रुपैयाँ बराबरको क्षति भयो। यी सबै घटनाको कारक विजुली सर्ट हो।

पछिल्लो समयमा उद्योग तथा पसलहरुमा यस किसिमका आगलागीका घटनाहरु बढेर गएका छन्। बढ्दो शहरीकरण र विजुलीको प्रयोगले आगलागी पनि बढाएको छ। काठमाडौं महानगरपालिकाको तथ्यांक अनुसार गत आर्थिक वर्षमा महानगरपालिका भित्रमा ३ सय ५ वटा आगलागीका घटना भएका थिए। त्यसमध्ये १ सय ७८ घटना विद्युत सर्टका कारण भएका थिए। यी घटनाहरुले विद्युतीय गडबडीका कारण हुने विपद्हरु बढेर गएको स्पष्ट पार्छ।

यस्ता विपद्का बारेमा अनुसन्धान गरी यसका मूल कारण र समाधानका उपायको आधिकारिक दस्तावेज तयार गर्नुपर्ने र त्यसैका आधारमा नीति तथा कार्यक्रमहरु पनि ल्याउँनु पर्ने देखिन्छ। यस सन्दर्भमा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेल यस्तो अध्यनन नभए पनि यसको आवश्यकता महसुस गरेको बताउनुहुन्छ। उहाँका अनुसार बिजुली सर्ट भएर हुने आगलागीको सम्बन्धमा सम्बन्धित् मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरण जस्ता निकायहरुले काम गर्नुपर्ने हुन्छ। प्राधिकरणले पनि सचेतना बढाउँने तथा आवश्यक समन्वय गर्ने कामलाई अघि बढाउँन आवश्यक रहेको र त्यसका लागि केहि कामहरु शुरु हुन लागेको पनि उहाँको भनाइ छ।

केहि अन्तर्राष्ट्रिय अध्ययनहरुले देखाए अनुसार विजुली सर्ट भएर आगलागी हुने घटना मध्ये अधिकांश घटनाहरु कमजोर तारको व्यवस्थापनका कारण तथा उपकरणसम्बन्धी कारणले हुने गरेको छ।

प्राविधिकहरुका अनुसार राम्रोसंग अर्थिङ नगर्दा यस्ता दुर्घटना हुने गरेका छन्। प्राधिकरणका कार्यकारी प्रमुख अनिल पाखरेल मानवीय लापरवाहीका कारण यस्ता घटना हुने भएकाले सचेतनाका कार्यक्रम आवश्यक रहेको बताउनुहुन्छ। पछिल्लो समयमा यस्ता घटना बढेर गएकाले प्राधिकरणले थप सचेतनाका कार्यक्रमहरु अघि बढाउँने बारेमा काम गरेको पनि उहाँले जानकारी दिनुभयो।

भवनहरूमा विद्युत् जडान गर्दा अनिवार्य रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको सुनिश्चितता आवश्यक रहेको भन्दै आगामी दिनमा घरको नक्सा पास गर्दा होस् वा उद्योगधन्दा र पसल दर्ता गर्दा तथा संचालन अनुमति दिंदा पनि यस्ता कुराहरुलाई हेर्न आवश्यक रहेको पाखरेलको भनाइ छ।

## विपद्लाई सम्बोधन गर्ने समावेशी नीति तथा संरचना बनाउँदै स्थानीय सरकार




सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकाले नगर क्षेत्रभित्र हुने विपद्का घटनाहरुको न्यूनीकरण तथा रोकथामका लागि गरिने गतिविधि अब आपत्कालीन कार्य सञ्चालन केन्द्रमार्फत सञ्चालन गर्ने भएको छ। यो जिल्लाकै पहिलो आपत्कालीन कार्य सञ्चालन केन्द्र भएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका अनुसार केन्द्रमा कम्तीमा सात दिनका लागि पुग्ने खाद्यान्न तथा खानेपानीको मौज्दात वा आपूर्ति सुनिश्चितताको तथ्याङ्क रहनेछ

*पृष्ठ २ मा क्रमश...*

*पृष्ठ १ बाट क्रमश...*

भने आपत्कालीन अवस्थाका लागि अत्यावश्यकीय औषधि, महिलाका लागि आवश्यक सेनिटरी प्याड, र शिशुका लागि डाइपरजस्ता सामग्री राखिनेछ। केन्द्र सञ्चालनका लागि आवश्यक कार्यालय तथा मसलन्द सामग्री, आपत्कालीन उद्धारका लागि सामग्री, सूचना तथा सञ्चारका साधनहरु रहनेछन् ।

पूर्वतयारी, प्रतिकार्य व्यवस्थापन, पूर्वसूचना, सुरक्षा, सूचना तथा सञ्चार, द्रुत क्षति लेखाजोखा, कर्मचारीलगायतको व्यवस्था गरिएको छ । नगरपालिकाको यो केन्द्र सञ्चालनका लागि नगर प्रमुखको संयोजकत्वमा निर्देशन समिति रहनेछ । वीरेन्द्रनगर नगरपालिका बाढी, नदी कटान, भूक्षय तथा पहिराको उच्च जोखिममा रहेको क्षेत्रमा पर्दछ । बर्सेनि यहाँ बाढी र डुबानका कारण ठूलो क्षति हुने गरेको छ ।

यस्तै भक्तपुर नगरपालिकाको ११ औं नगरसभाको बैठकले विपद् प्रभावितलाई राहत निर्देशिका, २०७८ पारित गरेको छ । नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिको प्राकृतिक तथा मानव सीर्जित विपद्का कारण मानवीय तथा धनसम्पत्तिको क्षति भएको खण्डमा प्रभावित भएकालाई राहत दिने उद्देश्यले उक्त निर्देशिका ल्याएको हो ।

निर्देशिकामा विपद्को प्रकृतिअनुसार भौतिक र मानवीय क्षति तथा अङ्गभङ्ग भएमा क्षतिको अवस्था हेरी बढीमा रु एक लाखसम्म राहत दिन सकिने र प्रभावित परिवारलाई क्षतिको अवस्था हेरी रु २५ हजारसम्म दिन सकिने व्यवस्था रहेको छ ।

# विपद् जोखिम न्यूनिकरणलाई प्रभावकारी बनाउँन विषयगत छलफल










विपद् जोखिम न्यूनीकरणका लागि निर्माण गरीएको राष्ट्रिय कार्यमञ्च अन्तर्गत रहेका विभिन्न विषयगत समूहको छलफललाई सघन रुपमा अघि बढाउँन आवश्यक रहेको सरोकारवालाहरुले जोड दिएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण अन्तर्गत रहेको कार्यमञ्चको विषयगत समूहहरुवीच भएको छलफलमा सहभागि अधिकांश व्यक्तिहरुले विपद् जोखिम न्यूनिकरणका लागि कार्यमञ्च अन्तर्गतका विषयगत समूहहरुको सान्दर्भिकता झन् बढेको भन्दै यसलाई अझ क्रियाशील बनाउन आवश्यक रहेको बताएका थिए ।

संयुक्त राष्ट्र संघ विपद् जोखिम न्यूनीकरणको अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रूपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन सबै सरकारलाई आग्रह गरेबमोजिम नेपाल सरकारले पनि वि.स. २०६९ सालमा "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च" गठन गरेको थियो । उक्त कार्यमञ्चको कार्यसञ्चालन मार्गदर्शन, २०७६ ले ९ किसिमका विषयगत समूहहरुको व्यवस्था गरेको छ । यस अन्तर्गत सरकारी निकायको समूह सार्वजनिक संस्थान तथा अर्धसरकारी निकायको समूह, प्राज्ञिक तथा अनुसन्धानमूलक समूह, दाता तथा संयुक्त राष्ट्र सङ्घीय समूह, गैरसरकारी संस्था समूह, विपद् प्रभावित् समूह, व्यवसायिक प्रतिष्ठान तथा निजी क्षेत्रका समूह र सूचना प्रविधि तथा सञ्चार समूह रहेका छन् ।

पछिल्लो समयमा यी समूहरुको संलग्नतालाई शसक्त बनाउनका लागि र ाष्ट्रिय कार्यमञ्चे सचिवालयको समन्वयमा प्राधिकरणले विभिन्न छलफलहरु संचालन गरेको छ । यी छलफलले क्षेत्रगत धारणा बाहिर ल्याउँने देखि नयाँ संभावनाहरुको खोजी गर्ने कार्यलाई महत्वपूर्ण सहयोग गरेको सरोकारवालाहरुको भनाइ छ। सूचना प्रविधि तथा संचार समूह अन्तर्गतको छलफलमा विपद् जोखिम न्यूनीकरणका सवालहरुलाई जनसरोकारका विषय बनाउँन संचार क्षेत्रको भूमिका उल्लेख्य रहेको बताइयो ।

डिपिनेटका उपाध्यक्ष डा. राजु थापा संचारमाध्यमले विपद् सम्बन्धी आधिकारिक सूचनालाई प्रभावकारी ढंगले प्रवाह गर्नका लागि सरकार तथा विपद्को क्षेत्रमा काम गरेका विभिन्न संघसंस्थासंग समन्वय र सहकार्य गर्न सक्ने भएकाले ती संभावनाहरुको खोजी गर्न यस्ता छलफल महत्वपूर्ण हुने बताउनुहुन्छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले संचार क्षेत्रसंग समन्वय र सहकार्य गर्न प्राधिकरण तयार रहेकोले सोही अनुसाको कार्यक्रमहरु तयार गर्न सूचना प्रविधि तथा संचार समूहले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुहुन्छ । छलफलमा सहभागी संचारकर्मीहरु विपद्सम्बन्धी गुणस्तरीय रिपोर्टिंका लागि पत्रकारको क्षमता विकासका कार्यक्रहरुलाई देशब्यापी बनाउँन आवश्यक रहेको बताउँछन् ।

विपद् प्रभावित समुदायका व्यक्तिहरुसंग भएको छलफल पनि महत्वपूर्ण रहेको सहभागिहरुको भनाइ छ । विपद् प्रभावित समुदायबाट उनीहरुको अनुभव, ज्ञान र विचारहरुलाई राज्यको योजना र नीतिमा समावेश गर्न सहभागिहरुले आग्रह गरेका थिए । विपद् प्रभावित व्यक्तिलाई आत्मनिर्भर बनाउन विभिन्न तालिम, सिपको व्यवस्था गर्नुका साथै विपद् व्यवस्थापनको हरेक क्षेत्रमा उनीहरुलाई समावेश गर्नुपर्नेमा सबैले जोड दिँदै यी कार्यक्रमहरुलाई स्थानीय सरकारसम्म जोड्न सुझाव दिएका थिए ।

शैक्षिक तथा अनुसन्धानमा आधारित सस्थाहरुसंग भएको छलफलमा शिक्षा क्षेत्रका विद्यार्थी तथा शिक्षकको सक्रिय संलग्नता बढाएर विपद् जोखिम न्यूनिकरणसंग सम्बन्धित् ज्ञान निर्माणलाई अगाडी बढाउनु पर्ने बताइयो । विपद् व्यवस्थापन सूचना प्रणलीमा विज्ञ र विद्यार्थीलाई संलग्न गराई जोखिमको पहिचान तथा प्राथमिकीकरण गर्ने, विपद् सम्बन्धी अनुसन्धान, घटना अध्ययन तथा सूचना व्यवस्थापनलाई प्रभावकारी बनाउन शैक्षिक क्षेत्रको भूमिका बढाउनुपर्ने बताइयो ।

यस छलफलमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनील पोखरेलले नेपालका सबै विश्वविद्यालयलाई विपद्संग सम्बन्धित सवालमा पाठ्यक्रम निर्माण देखि अध्ययन अनुसन्धानमा जोड्नका लागि काम गर्न सकिएमा यसबाट दीर्घलालिन लाभ पुग्न नतिजा प्राप्त हुने धारणा राख्नुभयो । सहभागिहरुले पनि शैक्षिक क्षेत्र विपद् जोखिम न्यूनिरकणका लागि नयाँ तरिकाले सहकार्य गरेर काम गर्न आवश्यक रहेको र त्यसका लागि तयार रहेको धारणा राखेको थिए ।

त्यसैगरी गैर सरकारी संस्थाहरुसंग भएको छलफलमा ५ वर्षे कार्ययोजना र पोजिसन पेपरमा गैरसरकारी संसथाहरुले विपद्का क्षेत्रमा गरेका कार्यहरुका बारेमा छलफल गरिएको थियो ।

डिपीनेटका अध्यक्ष सुर्य बहादुर थापाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा गैरसरकारी संस्थाहरुले गरेका कामबाट प्राप्त अनुभव तथा सिकाइहरुलाई एकिकृत गरी अघि बढ्न आवश्यक रहेको भन्दै यो मोडेलबाट काम गरे सरकारसंगको सहकार्य समेत अझ बलियो हुने धारणा राख्नुभयो ।

सबै समूहगत छलफलमा उठेका सवालहरु सकारात्मक रहेको र त्यसले विपद् जोखिक न्यूनिकरणलाई सहभागितामूलक बनाउन महत्वपूर्ण योगदान गर्ने बाटो तय गरेको प्राधिकरणका प्रवक्ता डा. डिजेन भट्टराई बताउनुहुन्छ । उहाँका अनुसार कार्यमञ्च अन्तर्गतका विषयगत समूहहरुलाई आगामी दिनमा क्रियाशील बनाउँनुपर्छ भन्ने धारणा सबैको रहेकाले यसका लागि प्राधिकरणले पहल गर्ने बताउनुभयो । डिपिनेटका अध्यक्ष सूर्यबहादुर थापाले यस किसिमका छलफले विपद्को सवाललाई वृहत्तर बनाउँन सहयोग पुग्ने भएकाले डिपिनेटले आगामी दिनमा यस्ता छलफललाई प्राधिकरणसंगको सहकार्यमा व्यापकता दिने धारणा राख्नुभयो । विषयगत समूहसंगको छलफल युएसएआइडीको सहयोगमा संचालित तयार परियोजनाको सहयोगमा सम्पन्न गरिएको थियो ।

# महिलामाथि विपद बज्रपात : कामले लियो ८ वर्षमा ५ सय ५५ महिलाको ज्यान



प्रहरी प्रधान कार्यालयको २०७० देखि २०७८ मंसीरसम्मको घटना विवरण अनुसार देशभर वन्यजन्तुको आक्रमणमा १७३ जना महिलाले ज्यान गुमाएका छन् । त्यसैगरी, ३१६ जना महिला घाइते भएका छन् ।

कैयौं घटना प्रहरी कार्यालयसम्म आइनपुग्ने हुँदा यो संख्या अझ धेरै हुनसक्ने प्रहरी अधिकृतहरू बताउँछन् । यही अवधिमा वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाउने पुरुषको संख्या १६३ छ ।

अधिकांश महिला वनजंगल वा त्यसको छेउछाउमा काम गर्ने क्रममा वन्यजन्तुको आक्रमणमा पर्छन् । कतिपय पुरुष पनि घाँस-दाउरा गर्ने क्रममा वन्यजन्तुको आक्रमणमा परेको देखिन्छ । तर, पुरुषको ठूलो संख्या घरायसी कामभन्दा सोखले, अझ कतिपय सन्दर्भमा त कानूनले वर्जित गरेका गतिविधि गर्न वनजंगल पुग्दा आक्रमणमा पर्ने गर्छन् । तीमध्ये केही हुन्, वन्यजन्तुको शिकार, काठ तस्करी आदि प्रयोजनका लागि वनजंगल पुग्नु । आँकडा विश्लेषण गर्दा देखिन्छ, महिला बाध्यताले नगरी नहुने काम गर्ने क्रममा वन्यजन्तुको आक्रमणमा पर्छन् भने धेरैजसो पुरुष भने गर्न नहुने काम गर्ने क्रममा । बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत विष्णुप्रसाद श्रेष्ठ गत वर्ष वन कार्यालयको कार्यक्षेत्रमा ७ र निकुञ्जको कार्यक्षेत्रमा ९ जना गरेर वन्यजन्तुको आक्रमणबाट १६ जनाको मृत्यु भएको बताउँनुहुन्छ । यीमध्ये ४ जना हात्ती र १२ जना बाघको आक्रमणमा परेका थिए ।

आर्थिक वर्ष २०७६/७७ मा बर्दिया राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका ६ मध्ये चार जना महिला थिए । यसले पनि महिलामाथि रहेको जोखिमको तस्वीर दर्शाउँछ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी वेदकुमार ढकाल घाँस-दाउरा लिन जाँदा नै धेरैजसो महिला वन्यजन्तुको आक्रमणमा पर्ने गरेको बताउँनुहुन्छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार पछिल्लो ७ वर्षमा माटो खन्ने क्रममा ढिस्कोले पुरिएर वा ढिस्को खसेको ढुंगाले लागेर ८२ जना महिलाको मृत्यु भएको छ । १२३ महिला घाइते भएका छन् । घाइतेमध्ये कतिपयको त अंगभंग भएको छ । यो प्रहरी कार्यालयको जानकारीमा आएका घटनाको आँकडा मात्र भएकाले यस्तो संख्या अझ धेरै हुन सक्छ । यो अवधिमा ढिस्कोले पुरिएर ४५ पुरुषको मृत्यु भएको छ भने ४० जना घाइते भएका छन् । पुरुषहरू भने सडक, सिंचाइ, जलविद्युत् आयोजना आदिमा मजदूरी गर्ने क्रममा माटोले पुरिने गरेको देखिन्छ ।

पृष्ठ ३ मा क्रमश...

*पृष्ठ ३ बाट क्रमश...*

नेपाल प्रहरीले राखेकै तथ्यांक केलाउँदा पछिल्लो ८ वर्षमा भीरबाट लडेर १५२ महिलाको मृत्यु भएको छ। अरू ६२ जना महिला घाइते भएका छन्। भीरबाट लडेका अधिकांश महिला घरायसी कामकै लागि भीरपाखामा पुगेकाहरू छन्।

यो अवधिमा भीरबाट लडेर २३४ पुरुषको मृत्यु भएको छ भने ३५ जना घाइते भएका छन्। नेपाल प्रहरीको तथ्यांक हेर्ने हो भने लडेर मृत्यु वा घाइते भएका अधिकांश पुरुष दुर्घटनामा पर्नुको कारण भने फरक छ। उनीहरू गाउँघरतिर घुम्न गएको बेला वा अन्य कुनै कामले शहरबाट फर्किरहेको अवस्थामा लडेको प्रहरीकै आँकडाले देखाउँछ। त्यसमध्ये कतिपय मदिरा सेवन गरेर हिंडिरहेका बेला लडेर मृत्यु भएको प्रहरीको विवरणमा उल्लेख छ।

घाँस काट्ने क्रममा रूखबाट लडेर पछिल्लो ८ वर्षमा ६९ महिलाको मृत्यु भएको छ। ६८ जना घाइते भएका छन्। यही अवधिमा रूखबाट लडेर १४२ पुरुषको मृत्यु भएको छ भने ११५ जना घाइते भएका छन्। पुरुषको यो संख्या घरमा पालिएका पशु चौपायाका लागि घाँस-दाउरा काट्ने क्रमदेखि काठ-दाउरा संकलन र कटान गर्ने क्रममा भएको देखिन्छ।

महिलामाथि कामको विभेदले निम्त्याएका जोखिमका क्षेत्र अझ धेरै छन्। एउटा उदाहरण हो, सर्पदंशको खतरा। प्रहरी प्रधान कार्यालयले एकत्रित गरेको देशभरका घटनाको विवरण अनुसार २०७६ देखि २०७८ मंसीरसम्ममा सर्पदंशबाट ७९ जना महिलाको मृत्यु भएको आँकडा छ। त्यस्तै, २२६ महिला सर्पले टोकेर घाइते भएका रहेछन्। तर, यो संख्या अझ धेरै हुनसक्ने आँकलन गर्न सकिन्छ। यही अवधिमा सर्पदंशबाट ७३ पुरुषको मृत्यु भएको छ भने २९० जना घाइते भएका छन्। यो विवरण २०७६ देखि २०७८ सम्मको मात्रै भएकाले कम देखिएको हो। घर लिपपोत गर्ने माटो लिन जाने, घाँस-दाउरा गर्ने क्रममा धेरै महिला सर्पदंशको शिकार हुँदा रहेछन्। गएको ८ वर्षमा यी घटनामा परी ५ सय ५५ महिलाले ज्यान गुमाएका छन्। घरायसी कामको बोझले महिलाहरुमाथि आइपर्ने विपद्को थप जोखिम उच्च रहेको यो आँकडाले देखाउँछ। तर यस्ता जोखिमलाई लैंगिक दृष्टिकोणबाट हेर्ने र त्यसको न्युनिरकणका लागि प्रयास नगर्दा यस्ता जोखिमहरुको निरन्तरता कायमै रहेको छ। खोज पत्रकारिता केन्द्रबाट

# वर्षाबाट प्रभावित धान किसानलाई राहत दिन रकम निकाशा



देशका विभिन्न भागमा गत असोज ३१ देखि कात्तिक ३ गतेसम्म भएको बेमौसमी वर्षाको कारण धानबालीमा क्षति भोगेका किसानलाई राहत दिन सरकारले बजेट निकासा गरेको छ। गत कात्तिकमा सरकारले धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउनेसम्बन्धी मापदण्ड स्वीकृत गरेको थियो।

किसानलाई राहत रकम उपलब्ध गराउन रु. एक अर्ब निकासा गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट यकिन भई आएका जिल्लालाई मापदण्ड बमोजिमको आधार र प्रक्रिया पूरा गरी रकम उपलब्ध गराइने छ।

अर्थ मन्त्रालयबाट निकासा प्राप्त रकम केन्द्रीय विपद् व्यवस्थापन कोषमा ल्याई सो रकम मध्ये धानबालीमा क्षति पुगेका ईलाम, तेह्रथुम, सङ्खुवासभा, धनकुटा, सिरहा, बारा, रौतहट, मकवानपुर, रसुवा, काभ्रे, सिन्धुली, स्याङ्जा, कास्की, पर्वत, बर्दिया, दाङ, रोल्पा, पाल्पा, अर्घाखाँची, गुल्मी, रुपन्देही, बाँके, प्यूठान, हुम्ला, जुम्ला, कालिकोट, डडेल्धुरा, बाजुरा, बैतडी, कन्चनपुर र कैलालीका किसानलाई राहत उपलब्ध गराउन निर्णय भएको हो। ती जिल्लाका विपद् व्यवस्थापन कोषमा रकम निकासा भइ उक्त रकम वितरण प्रक्रिया समेत अघि बढेको छ।

धानबालीमा पूर्णरूपमा क्षति पुगेका साना किसानलाई उत्पादन लागतको ६५ प्रतिशत, मध्यम किसानलाई ३० प्रतिशत र ठूला किसानलाई २० प्रतिशत राहत उपलब्ध गराइने मापदण्डमा व्यवस्था गरिएको छ। त्यस्तै, आंशिक रूपमा क्षति पुगेका ठूला, मध्यम र साना किसानले लागतको २० प्रतिशत राहत पाउनेछन्।

तीन विगाहभन्दा बढी जग्गा भएको ठूला, १० कट्ठाभन्दा बढी र तीन विगाहसम्म जग्गा भएका मध्यम र १० कट्ठा जग्गा भएकालाई साना किसान भनेर तोकिएको छ। सोही क्षेत्रफलमा अरूको जग्गामा लगाउने किसानले पनि राहत पाउने छन्।

राहत दाबीका लागि प्रक्रियासमेत तोकिएको छ जसअनुसार किसानले राहतका लागि आफ्नै जग्गामा धानबाली खेती गरेको भए जग्गाको कित्ता नम्बर र क्षेफल खुल्नेगरी जग्गाधनी पूर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ। अरूको जग्गामा खेती गरेको भए तोकिएका आवश्यक कागजपत्र पेश गर्नुपर्ने छ।

Photo:www.google.com

# नेपालका आवधिक योजनामा विपद्को सवाल




नेपालमा वि.स. २०१३ साल देखि आवधिक योजना शुरु भएकोमा हाल १५ औं योजना लागु भएको छ। आवधिक योजना मुलुकको समष्टिगत विकासको दिशानिर्देश गर्ने योजना दस्तावेज हो। यी योजनाहरुलाई विपद्का सवालको दृष्टिबाट हेर्दा शुरुमा सिमित सम्बोधन रहेकोमा पछि यो विस्तार भएको देखिन्छ। यो सामग्रीमा नेपालमा प्राकृतिक प्रकोपका आयाम र सामना गर्ने रणनीति शीर्षकको अध्ययनले उजागर गरेका विभिन्न पाटोहरुमध्ये आवधिक योजनामा विपद्लाई गरिएको सम्बोधनलाई प्रस्तुत गरिएको छ।

नेपालका आवधिक योजनाहरुले विपद् सम्बन्धी गरेका व्यवस्थाको संक्षेपीकरण झलक यस्तो देखिन्छ।

पहिलो आवधिक योजनाले मलेरिया विरुद्ध अनिबार्य रूपमा खोप लगाउनु पर्ने र पानीजन्य रोग कम गर्नका लागि सफा पानीको प्रयोगलाई प्रोत्साहन गरेको थियो। त्यसैगरि तेस्रो आवधिक योजनाले भने मलेरिया, दादुरा र क्षयरोगको उन्मुलन संगसंगै माटो संरक्षण र आगोबाट हुने प्रकोपको न्यूनिकरण सम्बन्धी सवाललाई सम्बोधन गरेको थियो।

चौथो आवधिक योजनाले विपद्लाई वन, मौसमसंग पनि जोडेको पाइन्छ। योजनामा वन संरक्षण, हाइड्रोलोजिकल र मेट्रोलोजिकल डेटा सङ्कलन र ढल निकास प्रणालीको समेत सम्बोधन गरिएको थियो। छैटौ आवधिक योजना पनि विपद्को सवाललाई विस्तारका दृष्टिले महत्वपूर्ण देखिन्छ। यो योजना वातावरणमा विकासको प्रभावलाई विचार गर्ने पहिलो योजना थियो र पहिलो पटक विकास, मानव र वातावरण बीचको सन्तुलनलाई सम्बोधन गरेको थियो।

सातौं योजना मुख्यतया: पर्यावरण, भू-उपयोग नीति र मौसम पूर्वानुमानमा केन्द्रित थियो भने आठौं आवधिक योजना वायु प्रदूषण, पानी प्रेरित जोखिम र हिम तालको अवस्था र जोखिमको अध्ययन सुरु गर्ने र प्रदूषणको प्रभावलाई महत्व दिने पहिलो योजना थियो। नवौं योजनाले औद्योगिक प्रदुषणका लागि दिशानिर्देश तयार गर्ने र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई विपद् तयारीका लागि आवश्यक कार्य गर्ने सवाललाई योजनाबद्ध गरको पाइन्छ। दशौं योजनाले सामाजिक, आर्थिक र वातावरणीय पक्षलाई जोड दिएर वातावरण संरक्षणलाई प्राथमिकताका साथ उठान गरेको छ।

एघारौं आवधिक योजनामा हिमालयन जलवायु अनुसन्धान केन्द्र र वातावरणीय प्रभाव मूल्याङ्कनको अवधारणा राखिएको थियो भने बाह्रौं योजनाले हरेक विकास कार्यको विपद् पूर्व मूल्याङ्कन सुरु गरेको छ। तेह्रौं आवधिक योजनाले जलवायु परिवर्तन अनुकूलन अवधारणा र कार्बनको बजारीकरण ल्यायो। यसैबीच चौधौं आवधिक योजनाले हरितगृह ग्यास उत्सर्जन, र जलवायु अनुकूलनमा संयुक्त राष्ट्रसंघीय कार्यढाँचा तथा पेरिस सम्झौतालाई अपनाउनमा केन्द्रित थियो। यसरी विभिन्न योजनाले विपद् तथा यससंग अन्तरसम्बन्धित विषयलाई क्रमबद्ध रुपमा उठान गरेको पाइन्छ। हाल संचालनमा रहेको पन्ध्रौं आवधिक योजनाले सन् २०१५ देखि २०३० सम्मका लागि तय गरिएको सेन्डाई फ्रेमवर्कले उठान गरेका विपद्का सवालका आधारमा काम गर्नुपर्ने विषयलाई समावेश गरेको छ। यो कार्यढांचाले संघिय, प्रदेश र स्थनिय तिन तहको जोखिम मापन गर्ने देखि प्रकोप जोखिम नियन्त्रण, वातावरण व्यवस्थापन, मौसम विज्ञान र जलबायु परिवर्तनको लागि छुटै अध्यायको थालनी गरेको छ। यो योजनाले विपद्लाई वृहत्तर रुपमा सम्बोधन गर्ने र यसलाई विकासको एक अभिन्न अंगका रुपमा स्वीकार गरेको छ।

*(प्रकाश रेग्मीले गर्नु भएको Dimension of disaster and Coping Strategy in Nepal (1971-2020)शिर्षकको विश्लेषणात्मक अध्ययनमा आधारित)*

# गैरसरकारी संस्थाले प्राधिकरणसंग समन्वय गर्नुपर्ने

विपद्को क्षेत्रमा काम गरेका सबै गैरसरकारी संस्थालहरुले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी परियोजना तयार गर्दा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणसंग समन्वय गर्नुपर्ने भएको छ। समाज कल्याण परिषद्ले एक सूचना जारी गर्दै परिषद्मा आवद्ध सम्पूर्ण गैरसरकारी संस्थालाई समाज कल्याण परिषद्बाट परियोजना स्वीकृतिपछि पनि यसको विवरण नेपाल सरकारको विपद्सम्बन्धी पोर्टल (bipadportal.gov.np) मा प्रविष्ट गर्न अनुरोध गरेको छ। विपद्सम्बन्धी भएका सम्पूर्ण कार्यहरुलाई एकिकृत ढंगले अघि बढाइ आपसी समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने उदेश्यले यो अनुरोध गरिएको समाज कल्याण परिषदले जानकारी दिएको छ। उता राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले पनि सरकार र गैरसरकारी क्षेत्रबाट भएका विपद् क्षेत्र सम्बन्धीका सबै कार्यहरुलाई एकिकृत ढंगले अघि बढाउँन र विपद्सम्बन्धी भएका सम्पूर्ण कार्यहरुको विवरण एकै ठाउँबाट उपलब्ध गराउँने प्रयासको थालनी गरेकाले यसमा सहयोग गर्न सबै गैरसरकारी संस्थाहरुलाई आग्रह गरेको छ।



समाज कल्याण परिषद्

पत्र संख्या
च.नं.

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल
मिति २०७८।९।३०

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा कार्य गर्ने सम्पूर्ण गै.स.स.हरुलाई

समाज कल्याण परिषदको

जरुरी सूचना।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने यस परिषद्मा आवद्ध सबै गै.स.स.हरुलाई परियोजना संचालनका क्रममा परियोजना तयार गर्दा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गर्ने तथा परियोजना स्वीकृति पश्चात सोको विवरण प्राधिकरणको पोटंल bipadportal.gov.np मा अनिवार्य रुपमा प्रविष्टि गर्नु हुन सम्बन्धित सबै संघसंस्थाहरुलाई जानकारीको लागि अनुरोध गरिन्छ।

समाज कल्याण परिषद
हरिहरभवन, ललितपुर

## १० महिनामा भएको विपद्का घटना र क्षति

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको विवरण अनुसार २०७८ साल बैशाख १ गते देखि २०७८ साल माघ २९ गतेसम्म देशभर विभिन्न १५ किसिमका विपद् अन्तर्गत ३ हजार २ सय १८ घटनाहरु भएका छन् । यी घटनामा परी ४ सय ६९ जनाको मृत्यु भएको छ भने ७५ जना वेपत्ता भएका छन् । यो १० महिनामा भएका विपद्का घटना र यसले निम्त्याएको क्षतिको विवरण निम्न अनुसार छ ।

२०७८ वैशाख १ देखि माघ मसान्त सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण

| घटना | घटना संख्या | मृतक | वेपत्ता | घाईते | प्रभावित परिवार | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|
| पहिरो | ३४० | १८० | ३३ | १३५ | ६०८ | ३४६३५००० |
| बाढी | १५४ | ६३ | ३४ | १४ | २७९ | ११५३९१५०० |
| भारी बर्षा | ३६२ | २२ | १ | ४८ | ४६४ | १२९०४४१२० |
| चट्याङ्ग | १८९ | ५२ | ० | १६६ | २७३ | १७०८१८३० |
| सर्पदंश | २३ | २० | ० | ४ | २४ | ० |
| आगलागी | १७६८ | ६९ | ० | ३०६ | २११८ | १७८८३७९९२४ |
| जङ्गल आगलागी | ६६ | ३ | ० | २ | ३३ | ४५०००० |
| हावाहुरी | ४७ | ३ | ० | ५ | १३८ | ७४३४००० |
| जनावर आक्रमण | २४९ | ४१ | ० | १५९ | ३५८ | ५९९६८०० |
| महामारी | २ | ४ | ० | ७७४ | ७७४ | ० |
| हिउँ हुरी | ३ | ४ | १ | १ | ६ | ० |
| हिउँ पहिरो | ३ | २ | ० | ११ | १३ | ० |
| लेक लाग्नु | ६ | ३ | ० | ९ | १३ | ३००००० |
| डुङ्गा पल्टेर | ४ | ३ | ६ | २ | १० | ० |
| भूकम्प | २ | ० | ० | ७ | ७१ | ० |
| जम्मा | ३२१८ | ४६९ | ७५ | १६४३ | ५१८२ | २,०९,८७,१३,१७४ |

*श्रोत : राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण*

# अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

USAID अमेरिकी जनताबाट

DPNet Nepal

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

**स्वीकारोक्ति**

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।